स्थानीय सरकार

# बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

वागमती प्रदेश, नेपाल

☎ १८५५०७२०७२

☎ १८४११६२७७२

प.सं. २०८२/०८३

## आ.व. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन आवेदन दिने सम्वन्धी जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८२/११/२५

नेपाल संवत् ११४६ चिल्लागा, सोमवार

प्रधानमन्त्री रोजगार कार्यक्रमको निर्देशिका अनुसार प्रत्येक वर्ष प्राथमिकता सूचीमा पर्ने बेरोजगार व्यक्तिहरुले १०० (एक सय) दिनको न्यूनतम रोजगारी प्राप्त गर्ने व्यवस्था बमोजिम साविकमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्वीकृत निवेदनको ढाँचा अनुरुप बेरोजगार दर्ता तथा सूचीकरणको कार्य हुँदै आएकोमा हाल साविकको निर्देशिका खारेज भई राष्ट्रिय *"रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२"* स्वीकृत भइ कार्यान्वयनमा रहेको अवगत गराउँदै माननीय मन्त्रीस्तरको मिति २०८२/११/१४ को निर्णय भएको प्राप्त पत्रानुसार रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम बेरोजगार दर्ताका लागि तोकिएको फागुन महिनाको समय सीमालाई हालै सम्पन्न निर्वाचनको विशेष परिस्थितिका कारण बेरोजगार दर्ता तथा सूचीकरण कार्य *मिति २०८२ साल चैत्र मसान्त सम्म समय थप* भई आएको हुँदा चालु आर्थिक वर्ष २०८२/०८३ मा न्यून आय भएका बेरोजगार नागरिकहरुले आफू स्थायी वसोवास गरेको वडा कार्यालयमा सूचीकृत हुन आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। आवेदनको ढाँचा र यस सम्वन्धी थप जानकारी वागमती गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रोजगार सेवा केन्द्र एवम् प्रत्येक वडा कार्यालयहरु तथा वागमती गाउँपालिकाको वेवसाइट www.bagmatimunmakawanpur.gov.np र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

❖ **बेरोजगार व्यक्ति सूचीकरण सम्वन्धी प्रावधानः**

(क) १८ वर्ष देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिँदाको मिति सम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० (एक सय) दिनको रोजगारीमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मिति सम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० (एक सय) दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु. ६६,८००।-) भन्दा कम आय भएको हुनु पर्ने।

❖ **आवश्यक कागजातहरुः**

१. निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति,

२. निवेदकको पासपोर्ट साइजको फोटो- १ प्रति,

३. निवेदकले कुनै सिपमूलक तालिम लिएको भए सोको प्रतिलिपि- १ प्रति,

४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण-पत्र वा जन्मदर्ता प्रमाण-पात्रको प्रतिलिपि- १/१ प्रति,

५. वसाईंसराई गरी आएको हकमा वसाईंसराइ दर्ता प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति।

.................................

ओम बहादुर कार्की

प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः थप जानकारीका लागि रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार संयोजक नगेन्द्र महतोको मो.नं. ९८६४८३३२०४ मा सम्पर्क गर्नुहुन।*

Email:bagmatimun.makawanpur@gmail.com, Website:bagmatimunmakawanpur.gov.np

CamScanner